# ब्रिटिस गोर्खा नेपाली नागरिकता निरनतरता अभियान-बेलायत/नेपाल
## British Gurkha Nepali Citizenship Continuation Campaign-UK/Nepal

श्री असिम शाह ज्यू,
संयोजक-संविधान संशोधन बहसपत्र कार्यदल
सिंहदरबार, नेपाल

मिति:२०८३/ ०२/०९

**विषय: ब्रिटिश गोर्खा र गोर्खा सन्ततिको वंशजको नेपाली नागरिकता निरन्तरता सम्बन्धमा।**

**महोदय,**

एंग्लो-नेपाल युद्ध (१८१४-१८१६) पश्चात् सम्पन्न सुगौली सन्धि १८१६ पछि गोर्खा भर्ती औपचारिक रूपमा प्रारम्भ भई संस्थागतरूपमा विकसित भएको हो। सन् १९४७ को त्रिपक्षीय सन्धि (नेपाल-बेलायत-भारत) पछि गोर्खाहरू बेलायत र भारतका सेनामा विभाजित भई सेवा गर्दै आएका छन्, जसले यस व्यवस्थालाई राज्यद्धारा मान्यता प्राप्त ऐतिहासिक तथा संस्थागत संरचनाको रूपमा स्पष्टरूपमा स्थापित गरेको छ।

यस पृष्ठभूमिमा ब्रिटिश गोर्खाहरू उल्लेखित ऐतिहासिक सन्धिहरूको आधारमा नेपाली नागरिकको हैसियतमा ब्रिटिश सेनामा भर्ती भएका नागरिकहरु हुन्। त्यसैले उनीहरूको विदेशी नागरिकता व्यक्तिगत आप्रवासनको परिणाम नभई राज्यद्धारा स्वीकृत सैन्य सेवाबाट उत्पन्न विशेष ऐतिहासिक तथा संस्थागत परिस्थितिको परिणाम हो भन्ने तथ्य स्थापित हुन्छ।

विश्व युद्धहरूमा गोर्खाहरूले प्रदर्शन गरेको साहस, अनुशासन र अतुलनीय बलिदानले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन महत्वपूर्ण भूमिका खेलेको छ। यस योगदानले नेपालको विश्वव्यापी प्रतिष्ठा तथा राष्ट्रिय पहिचान निर्माण र राज्यको विप्रेषणमा समेत अतुलनिय योगदान गरेको तथ्य निर्विवाद छ। यस्तो विशिष्ट ऐतिहासिक योगदानलाई राज्यले बेवास्ता गर्दै उनीहरूलाई सामान्य आप्रवासी ब्यक्ति सरह व्यवहार गर्नु न त न्यायसंगत हुनेछ, न त वर्तमान संवैधानिक मूल्य, ऐतिहासिक यथार्थ तथा नीतिगत सिद्धान्तसँग मेल खान्छ।

उल्लेखित आधार र पृष्ठभूमिको आधारमा ब्रिटिश गोर्खा तथा निजहरुका सन्तानलाई वंशजको नागरिकता निरन्तरता हुनेगरि संविधान संशोधनको बहसपत्रमा तपसिल बमोजिमको विषयहरु समावेश गरिदिनुहुन हामी ब्रिटिश गोर्खाहरू हार्दिक अनुरोध गर्दछौ।

तपसिल

| सि.नं | संवैधानिक ब्यवस्था | प्रस्तावित ब्यवस्था | कैफियत |
|---|---|---|---|
| १) | धारा १०(१) मा कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकवाट वन्चीत गरिने छैन। | धारा १०(१) पछि उपधारा (क) थप गर्ने ,<br><br>नेपाल सरकारको स्वीकृति तथा अन्तरास्ट्रिय सन्धि अनुसार वेलायती सेनामा सेवा गरेका गोर्खा सैनिक तथा तिनका सन्तानलाई वंशजको नागरिकता निरन्तरताको विशेष संरक्षण प्राप्त हुनेछ। | सुगौली सन्धी १८१६, सन् १९४७ को नेपाल भारत र वेलायत विचको त्रिपक्षिय सन्धी, २००४ को नेपाल सरकारको सहमति, सन् २००८ सालको वेलायतको उच्च अदालतको फैसला, सन् २००९ |

| | | | |
|---|---|---|---|
| २) | धारा (१४) गैर आवासिय नेपाली नागरिकता प्रदान गर्न सकिने। | धारा १४ पछि निम्न उपधाराहरु थप गर्ने ,<br><br>(१) यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि, नेपाली वंशजको नागरिकता प्राप्त गरेका ब्रिटिश गोर्खाहरूले ब्रिटिश सेनामा सेवा तथा योगदानका कारण प्राप्त गरेको आवासीय भिसा, अंगीकृत नागरिकता वा त्यस्तै कार्यप्रकृतिका कारण अन्य कुनै मुलुकको नागरिकता प्राप्त गरेको अवस्थामा समेत नेपाली वंशजको नागरिकताको निरन्तरता रहनेछ।<br><br>२) निजहरुका सन्ततीहरुले समेत चाहेमा वंशजको नेपाली नागरिकता प्राप्त सक्नेछन्।<br><br>३) ब्रिटिश गोर्खाका सन्तानहरू बेलायत लगायत अन्य कुनै देशमा जन्मी त्यहाँको नागरिकता प्राप्त गरेका भए तापनि, उनीहरूले नेपाली वंशजको नागरिकता प्राप्त गर्न सक्नेछन्। | को वेलायती सरकारको घोषणा र वेलायतको संसदबाट प्राप्त अनुमोदनको आधारमा साथै ब्रिटिश गोर्खाहरूले विश्व युद्धहरूमा प्रदर्शन गरेको साहस, अनुशासन र अतुलनीय बलिदानले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा परिचित गराउन महत्वपूर्ण भूमिका खेलेकोले गैर आवासिय नेपाली नागरिकको भन्दा पृथक पृष्ठभुमी र भुमीका रहेको तथ्यलाई आत्मसात् गर्दै ब्रिटिश गोर्खा र तिनका सन्ततीको नेपाली वंशजको नागरिकताको सुनिश्चितता गर्न । |

**प्रस्तावक: BGNCCC UK/NEPAL (ब्रिटिश गोर्खा वंशजको नेपाली नागरिकता निरन्तरता अभियान समिति, युके/नेपाल) तथा समग्र ब्रिटिश गोर्खा र निजका सन्तती समेतका तर्फवाट:**

**फुर्बा गर्ज शेर्पा**
**संयोजक - नेपाल**
BGNCCC-UK /Nepal
Mob: 9861748173

**होम किरात सुनुवार**
**महा सचिव - यूके/नेपाल**
BGNCCC-UK /Nepal
Mob: 9811550496

**सन्तोष थलङ**
**प्रमुख संयोजक-यूके/नेपाल**
BGNCCC-UK /Nepal
Mob : 044-7961830312 (Uk)